# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## विपन्न दलित महिला आयआर्जन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

**(सूचना नं. ७३/२०८१-०८२, मितिः २०८२/०२/२०)**

यस जोरायल गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **विपन्न दलित महिला आय आर्जन कार्यक्रम** अन्तर्गत विपन्न वर्गका **(दलित महिला)** हरुलाई बाख्रापालन खरिदका लागि **अधिकतम रु.१२,०००।(बाह्र हजार)** सम्म अनुदान दिने कार्यक्रम रहेकोले तपसिलका आवश्यक कागजात संलग्न गरि सूचना प्रकाशित भएको **मितिले ७(सात) दिन अर्थात मिति २०८२।०२।२६ गते** भित्र यस जोरायल गाउँपालिका, पशु सेवा शाखामा प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

(२) रु.१० को टिकट टाँस गरिएको निवेदन १ प्रति।

(३) सम्वन्धित वडा कार्यालयको सिफारिस १ प्रति।

(४) विभिन्न सामाजिक सुरक्षा कार्यक्रमबाट प्राप्त गरेको परिचयपत्र भए सो को प्रतिलिपि १ प्रति।

(५) विपन्न वर्ग खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि १ प्रति।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः**

**रीतपुर्वक कागजात नपुगि आएका निवेदन उपर कुनै कारवाही गरिने छैन। साथै प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट पनि प्रस्ताव दर्ता गरिनेछ।**

**विस्तृत जानकारीको लागि जोरायल गाउँपालिका, पशु सेवा शाखामा सम्पर्क राख्नुहोला।**
**(मोवाईल नं. ९८६७३६९११८/९७६२८४७५७०)**